# दुधौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुधौली-सिन्धुली
३ नं प्रदेश, नेपाल

### सूचि दर्ता गर्ने सम्बन्धी सूचना
(सूचना प्रकाशन भएको मितिः २०७५।०३।१९)

यस नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई आर्थिक ०७५।०७६ मा आवश्यक पर्ने तपशील बमोजिमका सेवा र कार्यहरुको लागि सार्वजनिक खरीद ऐन २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरीद नियमावलीको नियम १८ बमोजिम छुट्टा छुट्टै कार्य एवं सेवाहरुका लागि सूचि दर्ता एवं अद्यावधिक गर्नुपर्ने भएकोले सम्बन्धित निकायमा नियमानुसार रजिष्टर्ड इच्छुक व्यक्ति,फर्म, संस्था एवं कम्पनीहरुले आ आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता एवं नवीकरण गरेको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र, आ.व.०७३।०७४ सम्मको करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी आफ्नो कारोबारको संक्षिप्त व्यहोरा तथा सम्पर्क गर्ने ठेगाना (सम्पर्क व्यक्तिको नाम एवं फोन नं) स्पष्टसँग उल्लेख गरी दुधौली नगरकार्यपालिकाको कार्यालय (जिन्सी शाखा) दुधौलीमा सार्वजनिक खरीद नियमावली २०६४ को अनुसूचि-२ (क) बमोजिमको ढाँचामा सूचि दर्ताको लागि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसरी निवेदन पेश गर्दा आफ्नो संस्था, फर्म वा कम्पनीले जुन कार्य गर्ने वा सामान आपूर्ति गर्ने वा सेवा दिने इजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूचि दर्ता गराउन सकिनेछ।

**सेवा र कार्यहरुको विवरण**

१. मसलन्द तथा स्टेशनरी सामानहरु र कार्यालय प्रयोजनका लागि आवश्यक पर्ने अन्य विविध फुटकर सामाग्रीहरु आपूर्ति सम्बन्धी कार्यहरु।
२. छपाई सम्बन्धी कार्यहरु।
३. फर्निचर तथा फर्निसिङ्गका सामानहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्य।
४. विज्ञापन सेवा (श्रव्य दृश्य सामाग्री निर्माण एवं प्रकाशन र प्रशारण) सम्बन्धी कार्यहरु।
५. कम्प्यूटर, प्रिन्टर, नेटवर्किङ, फोटोकपी टेलिफोन, फ्याक्स, आदीका पाटपूर्जा एवं विभिन्न इलेक्ट्रिकल र इलेक्ट्रोनिक्सका मालसामानहरुको आपूर्ति तथा मर्मतसम्भार सम्बन्धी कार्यहरु।
६. मेशिन औजारहरुको आपूर्ति र मर्मत सम्बन्धी कार्य।
७. विभिन्न अध्ययन अनुसन्धान र परामर्श सेवा प्रदान गर्ने सम्बन्धी कार्य।
८. विभिन्न सफ्टवेयर निर्माण तथा मर्मत सम्बन्धी कार्यहरु।
९. भवन मर्मत एवं रङरोगन सम्बन्धी कार्याहरु।
१०. सवारीसाधन र सो को पाटपूर्जा आपूर्ति एवं मर्मत सम्बन्धी कार्यहरु।
११. पिउने पानी आपूर्ति सम्बन्धी कार्यहरु।
१२. विभिन्न तालिम सञ्चालन गर्ने सम्बन्धी कार्यहरु।
१३. इन्जिनियरिङ्ग, नक्शा डिजाईन र सो सम्बन्धी परामर्श सेवा सम्बन्धी कार्यहरु।
१४. निर्माण र ठेक्कापट्टा सम्बन्धी कार्यहरु।
१५. सरसफाई तथा नगरसरसफाइका सामानहरु आपूर्ति सम्बन्धी कार्यहरु।
१६. रेडियो र टि.भी. सम्बन्धी कार्यक्रम उत्पादन र प्रशारण सम्बन्धी कार्य।
१८. औषधी तथा अन्य मेडिकल सम्बन्धी सामाग्रीहरु आपूर्ति सम्बन्धी कार्यहरु।
१९. पशु सम्बन्धी औषधी र अन्य उपकरणहरु आपूर्ति सम्बन्धी कार्य।
२०. शैक्षिक सामाग्रीहरु आपूर्ति सम्बन्धी कार्यहरु।
२१. कृषि मलखाद र बीउबिजन लगायतका कृषि सम्बन्धी सामाग्री आपूर्ति सम्बन्धी कार्यहरु।
२२. फलफूलका बिरुवा तथा अन्य बिरुवा र घाँसको बीउ आपूर्ति सम्बन्धीकार्य।
२३. इन्जिनियरिङ तथा सर्भे सम्बन्धी मेशीनरी औजारहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।

............
दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत